# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ५, संख्याः ३, असार २३ गते, २०७८ साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग १

## व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७८

सभाबाट पारित मितिः २०७८।३।२३

**प्रस्तावना**ः व्यास नगरपालिकाको भाषा, संस्कृति, साहित्य र ललितकलाको संरक्षण र विकास गर्न, परम्परागत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन गर्न प्रचलित कानुन विरुद्धका कुरिति था कुसंस्कार विरुद्ध सामाजिक परिचालन सम्बन्धी कार्य गर्न नेपालको संविधान २०७२ को दफा २२६ (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०३ (१) बमोजिम व्यास नगर सभाले यो ऐन बनाएको छ ।

परिच्छेद १

प्रारम्भ

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम “व्यास नगर प्रज्ञा प्रतिष्ठान ऐन, २०७८” रहने छ ।

(२) यो ऐन व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ ।

(३) यो ऐनको कार्यक्षेत्र व्यास नगरपालिका भित्र रहने छ ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा :

(क) “प्रज्ञा प्रतिष्ठान” भन्नाले व्यास नगर प्रज्ञा प्रतिष्ठान सम्झनु पर्छ ।

(ख) “प्रमुख संरक्षक” भन्नाले दफा १३ बमोजिमको प्रमुख संरक्षक सम्झनु पर्छ ।

(ग) “ललितकला” भन्नाले चित्रकला, मूर्तिकला, लोककला, हस्तकला, शिल्पकला, वास्तुकला लगायतका अन्य सृजनात्मक कला सम्झनु पर्छ ।

(घ) “प्रज्ञासभा” भन्नाले दफा ७ बमोजिमको प्रज्ञा सभा सम्झनु पर्छ ।

(ङ) “कार्यकारिणी समिति” भन्नाले दफा ११ बमोजिमको कार्यकारिणी समिति सम्झनु पर्छ ।
(च) “नाट्यकला” भन्नाले नाटक, अभिनय र रङ्गकर्म सम्झनु पर्छ ।
(छ) “सङ्गित” भन्नाले गायन, सङ्गित, वादन र नृत्य सम्झनु पर्छ ।
(ज) “संरक्षक” भन्नाले दफा १४ बमोजिमको संरक्षक सम्झनु पर्छ ।
(झ) “अध्यक्ष” भन्नाले दफा ११ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानका कुलपति सम्झनु पर्छ ।
(ञ) “उपाध्यक्ष” भन्नाले दफा ११ बमोजिम नियुक्त प्रज्ञा प्रतिष्ठानका उपकुलपति सम्झनु पर्छ
(ट) “पदाधिकारी” भन्नाले कुलपति, उपकुलपति, प्रज्ञासभाका सदस्य सचिव र सदस्य सम्झनु पर्छ ।
(ठ) “भाषा” भन्नाले नेपाली भाषा लगायत व्यास नगरपालिका भित्र बोलिने स्थानीय भाषा सम्झनु पर्छ ।
(ड) “साहित्य” भन्नाले राष्ट्रका हरेक भाषा साहित्यका गद्य, पद्यमा सृजित विविध विधाका साहित्य लगायत लिखित एवं मौखिक लोक साहित्य सम्झनु पर्छ ।
(ढ) “संस्कृति” भन्नाले नेपाली एवं स्थानीय संस्कृतिका विविध पक्ष सम्झनु पर्छ ।
(ण) “तोकिएको वा तोकिए वमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

## परिच्छेद २
## प्रतिष्ठानको स्थापना तथा काम, कर्तव्य र अधिकार

**३. व्यास प्रज्ञा प्रतिष्ठानको स्थापना :** (१) यस नगरपालिका क्षेत्रका मौलिक भाषा, ललितकला, नाट्यकला, साहित्य, संस्कृति तथा संस्कृतिको संरक्षण, सम्बर्द्धन तथा सर्वाङ्गिण विकास गर्नका लागि व्यास प्रज्ञा प्रतिष्ठानको स्थापना गरिएको छ ।

**४. व्यास प्रज्ञा प्रतिष्ठान स्वशासित संस्था हुने :** (१) व्यास प्रतिष्ठान अविच्छिन्न उत्तराधिकारवाला एक स्वशासित र संगठित संस्था हुनेछ ।
(२) प्रज्ञा प्रतिष्ठानको आफ्नो छुट्टै एउटा छाप हुनेछ ।
(३) प्रतिष्ठानले व्यक्ति सरह चल अचल सम्पति प्राप्त गर्न, उपभोग गर्न, बेच बिखन गर्न वा अन्य कुनै किसिमले व्यवस्था गर्न सक्ने छ । तर प्रज्ञा प्रतिष्ठानले अचल सम्पत्ति वेचविखन गर्दा व्यास नगरपालिका मार्फत नेपाल सरकारको स्विकृती लिनु पर्नेछ ।
(४) प्रतिष्ठानले व्यक्ति सरह आफ्नो तर्फबाट नालिस उजुर गर्न र प्रतिष्ठान उपर पनि सोही नाम उपर नालिस उजुर लाग्न सक्ने छ ।
(५) प्रतिष्ठानले व्यक्ति सरह करार गर्न र करार बमोजिमको अधिकार प्रयोग गर्न तथा दायित्व निर्वाह गर्न सक्ने छ ।

**५. प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार :** प्रज्ञा प्रतिष्ठानको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :
(क) प्रज्ञा प्रतिष्ठानको नीति तथा कार्यक्रम तर्जुमा गर्ने,
(ख) भाषा, ललितकला, नाट्यकला, साहित्य, संस्कृतिको संकलन, संरक्षण, सम्बर्द्धन तथा अध्ययन अनुसन्धान गर्ने,

(ग) यी क्षेत्रका अनुसन्धानात्मक तथा मौलिक कृति संकलन सृजना तथा प्रकाशन गर्ने,
(घ) यस क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने व्यक्तिलाई कदर सम्मान तथा पुरस्कृत गर्ने,
(ङ) पुस्तकालय, ग्यालेरी तथा संग्राहलय स्थापना गर्ने,
(च) यी क्षेत्रमा अध्ययन अनुसन्धान गर्न वृत्तिको व्यवस्था गर्ने,
(छ) प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
(ज) अन्य क्षेत्र बाहेक स्थानीय, प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रसँग परिचित हुने र परिचित गराउने,
(झ) यस क्षेत्रको विकासको लागि व्यक्ति तथा संस्थालाई प्रोत्साहित गर्ने,
(ञ) सम्बन्धित विषयमा स्थानीय, प्रदेश, राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरमा गोष्ठी, कार्यशाला, सम्मेलन, प्रदर्शनी, महोत्सव तथा प्रतियोगिताको आयोजना गर्ने,
(ट) यी क्षेत्रका अन्य संघ संस्थासँग सम्बन्ध स्थापना र विस्तार गर्ने तथा पारस्परिक सहयोग आदान प्रदान गर्ने
(ठ) नगर क्षेत्रभित्र रहेका लोपोन्मुख भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण, संवर्द्धन र विकास गर्ने ।

## परिच्छेद ३
## प्रज्ञा प्रतिष्ठानको संगठन संरचना

६. **प्रतिष्ठानको संगठन** : प्रज्ञा प्रतिष्ठानको देहाय बमोजिमको संगठन हुनेछ र यिनीहरूको सामूहिक रुप नै प्रतिष्ठानको स्वरुप हुनेछ :
(क) प्रज्ञा सभा
(ख) कार्यकारिणी समिति

७. **प्रज्ञा सभा:** (१) कार्यकारिणी समितिको सर्वोच्च निकायको रुपमा एक प्रज्ञा सभा रहने छ ।
(२) प्रज्ञा सभाको गठन देहाय बमोजिम हुनेछ :
(क) अध्यक्ष - १ जना
(ख) उपाध्यक्ष -१ जना
(ग) सचिव - १ जना
(घ) सदस्य -४८ जना
(ङ) यस नगरपालिकाका सबै क्षेत्र, सबै जात, जाति, भाषा, भाषी, साहित्य, कला, संस्कृति तथा महिला आदिलाई प्रतिनिधित्व गर्ने गरी ४६ जना पदाधिकारी/सदस्य सम्बन्धित क्षेत्रबाट सिफारिस समितिको सिफारिसमा नगर प्रमुखद्वारा समावेशी रुपमा मनोनित गरिने छ ।
(च) प्रज्ञा सभाद्वारा थप ५ जना मनोनयन गरी जम्मा ५१ सदस्यीय रहेको पूर्ण प्रज्ञा सभा रहने छ ।

(३) उपदफा २ बमोजिमका पदाधिकारी/सदस्यहरूको पदावधि ३ वर्षको रहने छ ।

(४) कुनै कारणले सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन क्षेत्र वा विधाबाट मनोनित भएको छ सोही विधा वा क्षेत्रबाट अर्को सदस्य मनोनित गरिने छ ।

## ८. <u>सिफारिस समिति</u> :

(१) प्रज्ञा सभाका सदस्यहरूको प्रमुखद्वारा मनोनयन गर्न देहाय बमोजिमको एउटा सिफारिस समिति गठन गरिने छ :

(क) उप प्रमुख - संयोजक

(ख) नगर कार्यपालिकाले तोकेको सदस्य मध्ये १ जना महिला सहित २ जना - सदस्य

(ग) भाषा, कला, साहित्य, संस्कृतिको क्षेत्रमा ख्याति प्राप्त व्यक्ति मध्ये प्रमुखले तोकेका २ जना -सदस्य

(२) उपदफा (१) बमोजिमको समितिले सदस्यका लागि सिफारिस गर्दा सम्बन्धित क्षेत्रमा योगदान पुऱ्याएका र पुऱ्याउन सक्ने, साधनारत, ख्याति प्राप्त, उच्च नैतिकवान तथा समावेशी चरित्रको प्रतिनिधित्वलाई महत्व र प्राथमिकता दिनु पर्नेछ ।

(३) उपदफा १ बमोजिमको समितिले पदाधिकारीको मनोनयनका लागि सिफारिस गर्दा कम्तिमा ४०% सदस्य प्रज्ञा सभाका सदस्यहरूबाट गर्नु पर्नेछ । तर पहिलो प्रज्ञा सभाका सदस्यको मनोनयनमा यो उपदफा लागु हुने छैन ।

(४) उपदफा १ बमोजिमको समितिले प्रज्ञा सभाका सदस्य पदको मनोनयनको लागि सिफारिस गर्ने सम्बन्धमा कार्य समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

**९. <u>प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार</u> :** प्रज्ञा सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रतिष्ठानको नीति निर्धारण गर्ने,

(ख) प्रतिष्ठानको वार्षिक योजना तथा कार्यक्रम स्वीकृत गर्ने,

(ग) प्रतिष्ठानको वार्षिक बजेट पारित गर्ने,

(घ) वृत्ति, सम्मान तथा पुरस्कार अनुमोदन गर्ने,

(ङ) प्रज्ञा सभालाई निर्देशन दिने,

(च) प्रतिष्ठानको कामको अनुगमन तथा मूल्यांकन गर्ने,

(छ) प्रतिष्ठानको नियम स्वीकृत गर्ने,

(ज) तोकिए बमोजिमको अन्य कार्य गर्ने ।

## १०. <u>प्रज्ञा सभाको बैठक</u> :

(१) प्रज्ञा सभाको बैठक वर्षमा दुई पटक बस्ने छ ।

(२) प्रज्ञा सभाको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा हुनेछ ।

(३) प्रज्ञा सभाको बैठक हुनभन्दा कम्तीमा ७ दिन अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना प्रज्ञा सभाका सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) प्रज्ञा सभामा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा प्रज्ञा सभाको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) प्रज्ञा सभाको बैठकको अध्यक्षता प्रतिष्ठानका अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) प्रज्ञा सभाको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा प्रज्ञा सभामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) प्रज्ञा सभाको बैठकको निर्णय सचिवले अध्यक्षबाट प्रमाणित गरी सुरक्षित राख्ने छ ।

(८) प्रज्ञा सभामा मानार्थ वा आजीवन सदस्यलाई पर्यवेक्षकको रुपमा आमन्त्रण गर्न सक्ने छ ।

(९) प्रज्ञा सभाको बैठक सम्बन्धी अन्य कार्यविधि प्रज्ञा सभा आफैले निर्णय गरे बमोजिम हुनेछ ।

**११. <u>कार्यकारिणी समितिको गठन</u> :** (१) प्रतिष्ठानको कार्यकारी निकायको रुपमा कार्य गर्न एउटा कार्यकारिणी समिति रहने छ ।

(२) कार्यकारिणी समितिको गठन देहाय बमोजिम हुनेछ :

| | |
|---|---|
| (क) अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | १ जना |
| (ग) सचिव | १ जना |
| (घ) कोषाध्यक्ष | १ जना |
| (ङ) सदस्य | ९ जना |
| जम्मा | १३ जना |

कुनै कारणले पदाधिकारी वा सदस्यको पद रिक्त हुन गएमा बाँकी अवधिको लागि त्यस्तो सदस्य जुन विधा वा क्षेत्रबाट मनोनित भएको हो सोही विधा वा क्षेत्रबाट अर्को व्यक्तिलाई मनोनित गरिने छ । कार्यकारिणी समितिको अध्यक्ष लगायतका पदाधिकारीहरुको मनोनयन प्रज्ञा सभाका सदस्यहरु मध्येबाट प्रमुखद्वारा गरिने छ ।

(३) कार्यकारिणी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रज्ञा सभाले गरेको निर्णय कार्यान्वयन गर्ने,

(ख) प्रज्ञा सभाले दिएको निर्देशन पालना गर्ने,

(ग) लेखा परीक्षणको प्रतिवेदन प्रज्ञा सभा समक्ष पेश गर्ने,

(घ) सचिवले पेश गरेको वार्षिक कार्यक्रम, बजेट, प्रगति प्रतिवेदन तथा अन्य प्रतिवेदन सम्बन्धमा छलफल तथा आवश्यकता अनुसार संशोधन गरी अनुमोदनका लागि प्रज्ञा सभा समक्ष पेश गर्ने,

(ङ) प्रतिष्ठानको चल अचल सम्पतिको व्यवस्थापन, संचालन, संरक्षण र रेखदेख गर्ने गराउने

(च) प्रतिष्ठानको कोषको व्यवस्था र सञ्चालन गर्ने,

(छ) कार्यकारिणी समितिको काम कारबाहीको सम्बन्धमा विधागत रुपमा विभाग र आवश्यकता अनुसार समिति, उपसमिति वा कार्यटोली गठन गर्ने र त्यस्तो समिति, उपसमिति वा कार्यटोलीको काम, कर्तव्य तथा अधिकार तोक्ने,

(ज) तोकिए बमोजिमको अन्य काम गर्ने ।

**१२. <u>कार्यकारिणी समितिको बैठक</u> :**

(१) कार्यकारिणी समितिको बैठक वर्षमा कम्तीमा ४ पटक बस्ने छ ।

(२) कार्यकारिणी समितिको बैठक कार्यकारिणी समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) कार्यकारिणी समितिको बैठक हुनुभन्दा कम्तीमा चौबीस घण्टा अगावै बैठकमा छलफल हुने विषयको कार्यसूची सहितको सूचना प्रज्ञा सभाका सचिवले सबै सदस्यहरूलाई दिनु पर्नेछ ।

(४) कार्यकारिणी समितिमा तत्काल कायम रहेका सदस्य संख्याको ५० प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा कार्यकारिणी समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ ।

(५) कार्यकारिणी समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा उपाध्यक्षले गर्नेछ ।

(६) कार्यकारिणी समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा प्रज्ञा सभामा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) कार्यकारिणी समितिको बैठकको निर्णय अध्यक्षद्वारा प्रमाणित गराई सचिवले सुरक्षित गरी राख्नेछ ।

(८) कार्यकारिणी समितिको बैठक सम्बन्धी अन्य कार्यविधि प्रज्ञा सभाले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ४

## प्रमुख संरक्षक, संरक्षक, प्रतिष्ठानका पदाधिकारी तथा कर्मचारी

**१३. प्रमुख संरक्षक :** प्रमुख, प्रतिष्ठानको प्रमुख संरक्षक रहने छन् ।

**१४. संरक्षक :** उपप्रमुख प्रतिष्ठानको संरक्षक रहने छन् ।

**१५. अध्यक्ष :** (१) व्यास प्रज्ञा प्रतिष्ठानमा अध्यक्ष रहनेछन ।

(२) दफा ७(२) को खण्ड (घ) वमोजिमका सदस्यहरु मध्येवाट नगरप्रमुखले अध्यक्ष नियुक्ती गर्नेछ ।

(३) व्यास प्रज्ञा प्रतिष्ठानको प्रमुख पदाधिकारीको काम अध्यक्षले गर्नेछ ।

**१६. अध्यक्षको काम, कर्तव्य र अधिकार :** अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) प्रज्ञा सभा र कार्यकारिणी समितिको बैठकको अध्यक्षता गर्ने,

(ख) प्रज्ञा सभाले दिएको निर्देशन र कार्यकारिणी समितिले गरेको निर्णयको कार्यान्वयन गर्ने गराउने,

(ग) प्रज्ञा सभाको वार्षिक कार्यक्रम, बजेट, प्रतिवेदन तथा अन्य प्रतिवेदन तयार गर्न लगाउने ।

(घ) स्थानीय सरकारसँग समन्वय गर्ने,

(ङ) कार्यकारिणी समितिको स्वीकृति लिई प्रतिष्ठानको तर्फबाट करार गर्ने,

(च) सङ्घीय सरकार, प्रदेश सरकार तथा विदेशी संस्थासँग सम्बन्धित विषयमा आवश्यक सम्पर्क गर्ने,

(छ) तोकिए बमोजिमको अन्य काम गर्ने,

**१७. उपाध्यक्ष :** (१) व्यास प्रज्ञा प्रतिष्ठानमा उपाध्यक्ष रहनेछन ।

(२) दफा ७(२) को खण्ड (घ) वमोजिमका सदस्यहरु मध्येवाट नगरप्रमुखले उपाध्यक्ष नियुक्ती गर्नेछ ।

**१८. उपाध्यक्षको काम, कर्तव्य र अधिकार :** उपाध्यक्षको काम, कर्तव्य र अधिकार देहायको बमोजम हुनेछ :

(क) प्रज्ञा सभा र कार्यकारिणी समितिको बैठकमा उपस्थित हुने,

(ख) प्रज्ञा सभाले दिएको निर्देशन र कार्यकारिणी समितिले गरेको निर्णयको कार्यान्वयनमा अध्यक्षलाई सहयोग गर्ने,

(ग) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने सबै काम गर्ने,
(घ) अध्यक्षको निर्देशनमा अन्य काम गर्ने,
(ङ) तोकिएको अन्य कार्यहरु गर्ने ।

१९. **सचिवको काम, कर्तव्य र अधिकार** : व्यास प्रज्ञा प्रतिष्ठानका सचिवको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

२०. **पदाधिकारी सम्बन्धी व्यवस्था** :

(१) प्रमुखले यस ऐनको अधिनमा रही पदाधिकारीको नियुक्ति गर्नेछ ।
(२) पदाधिकारीको पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

२१. **पद रिक्त हुने अवस्था** : देहायको अवस्थामा पदाधिकारीहरुको पद रिक्त हुनेछ :
(क) निजको पदावधि समाप्त भएमा,
(ख) निजले राजीनामा दिएमा,
(ग) निजको मानसिक सन्तुलन ठीक नभएको प्रमाणित भएमा,
(घ) निजले नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय पाएमा,
(ङ) निज दफा २२ अनुसार पदबाट हटेमा वा
(च) निजको मृत्यु भएमा ।

२२. **पदबाट हटाउन सक्ने** : (१) पदाधिकारी वा प्रज्ञा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्य क्षमताको अभाव भएको कारण देखाई प्रज्ञा सभामा तत्काल कायम रहेका कम्तीमा एक चौथाई सदस्यले प्रमुख समक्ष लिखित निवेदन दिएमा प्रमुखबाट एक छानबिन समिति गठन हुनेछ

(२) उपदफा (१) बमोजिमको छानबिन समितिले सो सम्बन्धमा छानबिन गरी आफ्नो प्रतिवेदन प्रमुख समक्ष प्रस्तुत गर्नेछ । प्रमुखले त्यस्तो प्रस्ताव छलफलका लागि प्रज्ञा सभा समक्ष राख्ने व्यवस्था गर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको प्रतिवेदनका सम्बन्धमा प्रज्ञा सभामा छलफल हुँदा प्रज्ञा सभाको बहुमत सदस्यले पदाधिकारी वा प्रज्ञा सभाका सदस्यले यस ऐनको उद्देश्य बमोजिम काम नगरेको वा आफ्नो पद अनुकूलको आचरण नगरेको वा इमान्दारीपूर्वक काम नगरेको वा निजमा कार्यक्षमताको अभाव भएको भनी निर्णय गरेमा प्रमुखले त्यस्तो पदाधिकारी वा प्रज्ञा सभाका सदस्यलाई पदबाट हटाउने छ ।

(४) सम्वन्धित पदाधिकारी वा सदस्यलाइ पदबाट हटाउनु अघि सफाईको मौका दिनु पर्नेछ ।

२३. **कर्मचारी** : (१) प्रतिष्ठानमा आवश्यकता अनुसार कर्मचारीहरू रहने छन् ।

(२) उपदफा (१) बमोजिमको कर्मचारीको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्तहरू तोकिए बमोजिम हुने छन् ।

## परिच्छेद ५
## कोष तथा लेखापरीक्षण

२४. **कोष** : (१) प्रतिष्ठानको एउटा छुट्टै कोष रहने छ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन् :

(क) नगरपालिकाबाट प्राप्त रकम,
(ख) नेपाल सरकारबाट प्राप्त रकम,
(ग) प्रदेश सरकारबाट प्राप्त रकम,
(घ) विदेशी सरकार, संघ संस्था वा विदेशी व्यक्तिबाट प्राप्त रकम,
(ङ) स्वदेशी संघ संस्था तथा व्यक्तिबाट प्राप्त रकम,
(च) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि प्रतिष्ठानले नेपाल सरकार/प्रदेश सरकारबाट स्वीकृति लिनु पर्नेछ ।

(४) कोषको रकम प्रतिष्ठानद्वारा मान्यता प्राप्त बैंकमा खाता खोली जम्मा गरिने छ ।

(५) प्रतिष्ठानको कोष र खाताको सञ्चालन तोकिए बमोजिम हुनेछ ।

(६) प्रतिष्ठानको सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

२५. **लेखा र लेखा परीक्षण** : प्रतिष्ठानको आयव्ययको लेखा नगरपालिकाले अपनाए बमोजिम राखिने छ ।

## परिच्छेद ६
## विविध

२६. **शपथ** : (१) आफ्नो पदभार सम्भाल्नु अघि पदाधिकारी र सदस्यहरूले अनुसूची १ मा तोकिए बमोजिमको ढाँचामा शपथ ग्रहण गर्नु पर्नेछ ।

(२) कार्यकारिणी समितिका अध्यक्षले प्रमुखबाट शपथ ग्रहण गर्नु पर्नेछ ।

(३) अन्य पदाधिकारी र सदस्यहरूले अध्यक्षबाट शपथ ग्रहण गर्नु पर्नेछ ।

२७. **प्रतीक चिन्ह** : प्रतिष्ठानको प्रतीक चिन्ह, प्रतिष्ठानको नाम, स्थापना वर्ष, साल र व्यासको मूर्ति अङ्कित हुनेछ ।

२८. **नियम बनाउने अधिकार** : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

२९. **बाधा अड्काउ फुकाउ** : यस ऐन बमोजिम बाधा अड्काउ फुकाउने अधिकार नगर सभामा निहित रहने छ ।

अनुसूची १
(दफा २६ सँग सम्बन्धित) शपथ

म सत्य निष्ठापूर्वक प्रतिज्ञा गर्दछु कि म ......................................... मलाई दिएको जिम्वेवारी तनमनले दत्तचित्त भई इमान्दारीपूर्वक पूरा गर्नेछु । व्यास नगरपालिका क्षेत्र भित्रका भाषा, ललितकला, नाट्यकला, साहित्य र संस्कृतिको सृजना, श्रीवृद्धि, सम्बर्द्धन, संरक्षण, सङ्कलनका लागि प्रतिवद्ध रही देश र जनताको सेवामा आफ्नो अमूल्य समय र शक्ति समर्पित गर्नेछु ।

नाम थर :
पद :
दस्तखत :
मिति :

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत